# दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**दुल्लू, दैलेख**

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सुचना

**धमाका राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७६/१२/०३**

**यस कार्यालयबाट चालू आ.व. २०७६/०७७ मा तपसिलका योजना निर्माण गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समयभित्र रितपूर्वकको सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।**

१) सिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालय समयमा नविकरण भएको इजाजत पत्र तथा मुल्य अभिवृद्धि कर दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, आ.व २०७५/०७६ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, दरभाउपत्र दस्तुर रु १०००।०० पछि फिर्ता नहुने गरी यस कार्यालयको रा.बा.बैंक दुल्लू स्थित हि.नं.४३४०३०२०३६३०२ (राजश्व) मा जम्मा गरी सोको सक्कल भौचर वा कार्यालयमा नगदै जम्मा गरी सो को रसिद र ठेक्का सम्बन्धी कागजातहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई निवेदन दिई खरिद गर्न सकिनेछ ।

२) सिलबन्दी दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरि दरभाउपत्र साथ तपसिलमा उल्लेखित कार्यको लागी तपसिल बमोजिमको धरौटी रकम यस कार्यालयको नाममा रा.बा.बैंक दुल्लू शाखामा रहेको ४३४०३०३००७१०२ (धरौटी) खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बरारबरको कम्तिमा ९० (नब्बे) दिन म्याद भएको बैंक जमानी पत्र (विड वण्ड) संलग्न राखी यस कार्यालय मा प्रथम पटक सूचना प्रकाशन भएको १६ (सोह्रौ) दिनको १२:०० बजेभित्र दर्ता गर्नुपर्ने छ ।

३) प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजे भित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे भित्र दरभाउपत्रदाता वा निजको प्रतिनिधिका रोहबरमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउ पत्र खरिद वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त दिनको लगत्तै (कार्यालय खुलेको दिन) सोहि समयभित्र खरिद र दाखिला गर्न सकिनेछ ।

४) दररेट पेश गर्दा प्रत्येक आइटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिइनेछ ।

५) रीत नपुगी आएका वा म्याद गुज्री आएको वा अन्य शर्त राखि पेश हुन आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

६) दरभाउपत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७) यसमा उल्लेखित भएकोमा यसै बमोजीम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

८) थप जानकारीको लागि कार्यालय समयभित्र कार्यालयको टेलिफोन नम्बर ०८९-४११०३९ मा सर्म्पक गर्न सकिनेछ । यो सूचना यस कार्यालयको website: www.dullumun.gov.np मा समेत प्रकाशन गरिएको छ ।

| क्र.सं | सिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टेन्जेन्सी बाहेक) | दरभाउपत्र दस्तुर (रु.) | धरौटी रकम रु | निर्माण व्यावसायीको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | ३०-०७६/०७७ | रुण्डी कर्णाली राजमार्ग जोड्ने सडक निर्माण, दुल्लू २ | ७,३५,८९१।४९ | १,०००।०० | १८,५००।०० | इजाजत प्राप्त निर्माण व्यावसायीहरु |
| २ | ३१-०७६/०७७ | पादुका धजावन काप्रिखाडा सडक निर्माण, दुल्लू ९ | ९,८१,१०६।२८ | १,०००।०० | २४,५००।०० | इजाजत प्राप्त निर्माण व्यावसायीहरु |
| ३ | ३२-०७६/०७७ | तितेपाल्त रावलबाडा पिपलतडा सडक निर्माण, दुल्लू १२ | १७,११,०००।०० | १,०००।०० | ४३,०००।०० | इजाजत प्राप्त निर्माण व्यावसायीहरु |
| ४ | ३३-०७६/०७७ | चौतारा बजार पोखरा हुँदै विन्द्रासैनी मन्दिर सडक निर्माण, दुल्लू ५ | १७,११,०००।०० | १,०००।०० | ४३,०००।०० | इजाजत प्राप्त निर्माण व्यावसायीहरु |
| ५ | ३४-०७६/०७७ | सिमखेत लिफ्ट खानेपानी निर्माण, दुल्लू ४ | १७,११,०००।०० | १,०००।०० | ४३,०००।०० | इजाजत प्राप्त निर्माण व्यावसायीहरु |
| ६ | ३५-०७६/०७७ | खेतिखेला सिकनडाँडा लिफ्ट खानेपानी योजना, दुल्लू ८ | १७,११,०००।०० | १,०००।०० | ४३,०००।०० | इजाजत प्राप्त निर्माण व्यावसायीहरु |
| ७ | ३६-०७६/०७७ | मालिका मन्दिर सिँढी निर्माण, दुल्लू १३ | ४,२६,७४६।१० | १,०००।०० | १०,७००।०० | इजाजत प्राप्त निर्माण व्यावसायीहरु |

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**